# रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## भुट्टार, उदयपुर
## स्वास्थ्य शाखा

**औषधि तथा सर्जिकल सरसामग्रीहरु खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०७७/०५/०५**

**सूचना नं. : ०१ (स्वास्थ्य)**

रौतामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भुट्टार, उदयपुर अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट सेवाग्राहीहरुको लागि आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न तथा निःशुल्क सेवा दिन आ.व. २०७७/७८ को लागि आवश्यक पर्ने औषधिहरु तथा सर्जिकल सर सामग्रीहरु शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक इजाजत प्राप्त फर्म, वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रमाणित प्रतिलिपी औषधी व्यवसायी प्रमाणपत्रहरु नोटरी क्लबबाट प्रमाणित गराई निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ । यो सूचना यस कार्यालयको वेव http//www.rautamairm.gov.np मा पनि हेर्न सकिने छ।

शिलबन्दी दरभाउपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि १५ औं (पन्ध्र) दिनसम्म कार्यालय समयभित्र शिलबन्दी दरभाउ पत्र फरम रु १००० नगद दाखिला गरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ। कार्यालयबाट खरिद भएका शिलबन्दी दरभाउपभत्र १६ औं दिनको १२:०० बजे यस कार्यालयमा दाखिला गर्न सकिनेछ। दाखिला हुन आएका शिलबन्दी दरभाउ पत्र सोही दिनको २:०० बजे यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

२.खरिद भएको शिलबन्दी दरभाउपत्र फारम कबोल अंकको २.५ प्रतिशत रकम नगदै राष्ट्रिय वाणिज्य बैंक गाईघाट शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. २०९००३०३००००३ मा दाखिला गरेको सक्कल भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानी पत्र (BID BOND) संकलन गरी रित पूर्वक सही छाप तथा शिलबन्दी गरी दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिनेछ । कागजातहरु पेश नगरेको दरभाउपत्र दाताहरुको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

३. खरिद हुने औषधि तथा सर्जिकल सरसामग्रीहरुको म्यादको सम्बन्धमा दरभाउपत्रको Specification मा उल्लेख भए अनुसार हुनुपर्ने छ । Specification मा उल्लेख नभएको औषधिको म्याद उक्त औषधिहरुको Manufacturing Date बाट Expiry Date कम्तिमा १८ महिना बाँकी हुँदा स्टोरमा दाखिला हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएका औषधि तथा अन्य सामानहरु बुझि लिइने छैन । टुटफुट तथा प्राविधिक समस्या भएका कुनै पनि औषधिहरु समेत बुझि लिइने छैन ।

४. स्वीकृत फर्म, कम्पनीले सम्झौता अगावै आफूले कबोल गरेको अंकको २.५ प्रतिशतले हुने रकम राष्ट्रिय वाणिज्य बैंक शाखा गाइघाटमा रहेको धरौटी खाता नं. २०९००३०३००००३ मा जम्मा गरेको सक्कलै भौचर वा कम्तीमा ९० दिन म्याद भएको मान्यता प्राप्त बैंकबाट यस गापाको नाममा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

५. आफूले सप्लाई गर्ने औषधीहरुको अधिकार पत्र (Aurthority Letter) स्वदेशी कम्पनीको हकमा उत्पादकबाट र विदेशी कम्पनी भए Nationnal Suppliers बाट लिई पेश गर्नुपर्नेछ ।

६. औषधिहरु दरभाउपत्र फारममा उल्लेख भए बमोजिम परिमाण सम्झौता भए पश्चात यस कार्यालयको स्टोरमा दरभाउ पत्रदाताले आफ्नै तर्फबाट ढुवानी गरी बुझाउनुपर्नेछ । सम्झौता बमोजिमका सामानहरु सम्झौतामा उल्लेख भएको अवधिभित्र सप्लाई गरिसक्नु पर्नेछ ।

७. दरभाउपत्रदाताले आफूले पेश गरेको दरभाउपत्रको शिलबन्दी खाम बाहिर दरभाउपत्र खरिद गरेको कार्यालयको नाम तथा औषधि तथा सर्जिकल सामान खरिद गर्ने सम्बन्धि शिलबन्दी दरभाउपत्र भनि उल्लेख गर्नुपर्नेछ । साथै उक्त शिलबन्दी खाम बाहिर स्पष्ट रुपमा दरभाउपत्रदाताले आफ्नो नाम ठेगाना, सम्पर्क नं. इमेल ठेगाना समेत उल्लेख गरी पेश गर्नुपर्नेछ ।

८. दरभाउ पत्रदाताले दरभाउपत्र फारमको प्रत्येक पानाहरुमा नमेटिने मसीले सही गरी फर्म वा कम्पनीको छाप समेत लगाउनुपर्नेछ । यसो नगरेको दरभाउपत्रलाई रित नपुगेको मानिने छ ।

९. औषधिको Strip/Blister Packing मा नेपाल सरकारबाट निःशुल्क वितरणको लागि भनि अनिवार्य छाप लगाइएको हुनु पर्नेछ ।

१० ठेक्का सम्झौता बमोजिम काम सुरु नगरेमा वा काम सुरु गरी बीचमा छाडेमा वा सम्झौता बमोजिम काममो प्रगति नगरेमा ठेक्का तोड्न सकिनेछ । सम्झौताको म्याद भित्र यस कार्यालयले तोकेको स्टोरमा औषधि दाखिला गर्न नसकेको खण्डमा प्रचलित आर्थिक नियमानुसार कारवाही हुनेछ ।

११. सप्लाई हुने औषधि तथा सर्जिकल सर सामानहरुको प्रत्येकको प्याकिङको बाहिर Manufacturing Date, Expiry Date र Batch No. उल्लेख भएको हुनुपर्नेछ ।

१२. औषधिको हकमा WHO, GHP प्रमाणित र सामग्रीहरुको हकमा ISO मापदण्ड प्राप्त कम्पनीहरुको हुनुपर्नेछ ।

१३. दररेट अंक र अक्षरमा प्रष्ट लेखिएको हुनुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१४. एक फर्मको नाममा खरिद गरिएको शिलबन्दी दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

१५. प्राप्त हुन आएका दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ । साथै दरभाउ पत्रमा उल्लेख भएका औषधि तथा सर्जिकल सर सामग्रीहरुको सूची एवं परिमाण थपघट समेत हुन सक्ने र यसरी थपघट भएता पनि दरभाभउपत्र दाताले कबोल गरेको दरमा उपलब्ध गराउनुपर्ने छ ।

१६. शिलबन्दी दरभाउपत्र मूल्यांकन तथा स्वीकृतीको निर्णय आईटमवाइज दररेट वा एकमुष्ट दररेटमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।

१७. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

१८. आपुर्तिकर्ताले सप्लाई गरेको औषधिको गुणस्तरमा शंका लागि परिक्षण गर्नु पर्ने भएमा आपुर्तिकर्ता स्वयंले परिक्षण गराई परिक्षणको प्रमाणपत्र पेश गर्नुपर्नेछ । परिक्षणमा लाग्ने खर्च आपुर्तिकर्ता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

१९. शिलबन्दी बोलपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**तपसिल**

| क्र.सं. | विवरण | ईष्टिमेट अंक | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १. | रौतामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भुट्टार, उदयपुर अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि औषधि तथा सर्जिकल सामग्रीहरुको खरिद | रु ३४००००० | रु ८५००० | |

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner